कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

प.सं. :- ०७६/०७७

च.नं. :-

मितिः २०७६/०५/१६

## प्रेस विज्ञप्ति

केही दिन यता कोहलपुर बजार क्षेत्रमा राखिएका रेलिङहरु काटिएको विषयमा विभिन्न सञ्चार माध्ययम तथा सामाजिक सञ्जालहरुमा आएका विभिन्न क्रिया-प्रतिक्रियाहरु प्रति स्थानीय सरकारको गम्भिर ध्याणाकर्षन भएको छ । एशियाली विकास बैङ्कसँग भएको सम्झौता अनुसार सो बैङ्कको लगानीमा जमुना देखि कोहलपुर सम्मको फोर लेन सडक बनेको हो । सडक ऐन तथा राष्ट्रिय राजमार्गको मापदण्ड अनुसार नै बजार क्षेत्रमा आम नागरिकहरुको सुरक्षा तथा सडक सौन्दर्यका लागि रेलिङ राख्ने गरिन्छ । कोहलपुर बजार क्षेत्रमा पनि त्यही मापदण्डको आधारमा राखिएका रेलिङहरु भएका र केन्द्र तथा प्रदेश सरकारले बनाएका सबै सरकारी एवं सार्वजनिक सम्पत्तिहरुको संरक्षण गर्ने जिम्मेवारी समेत स्थानीय सरकारको भएको प्रति स्थानीय सरकार सचेत छ ।

कोहलपुर नगरपालिका प्रमुख जिल्ला बाहिर रहेको समयमा कोहलपुर बजार क्षेत्रका रेलिङहरु काटिएको विषयमा सामाजिक सञ्जाल तथा फोनको माध्यमबाट स्थानीय सरकारको आधिकारिक धारणा माग भइरहेको तथा बिना अनुमति रेलिङ काटेर सरकारी तथा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको भनी सडक डिभिजन कार्यालय बाँकेले जिल्ला प्रशासन कार्यालय बाँकेमा सरकारी सम्पत्तिको हानी नोक्सानी गर्ने जो कोही भए पनि कारबाही गर्न पत्राचार गरेको समेत बुझिन आएको छ ।

नगर प्रमुख शनिबार कोहलपुर आइपुगनु भएको र आइतबार नगरपालिकामा आफ्नो कार्यकक्षमा रहँदा रेलिङ काटिएको विषयमा आधिकारिक धारणा सार्वजनिक गर्ने बारेमा नगर प्रमुख सहित कोहलपुर नगरपालिका कानूनी सल्लाहकार , प्रेस सल्लाहकार र नगर सरकारका प्रवक्ता बिच छलफल तथा परामर्श गरी " रेलिङ काट्ने बारेमा कोहलपुर नगरपालिकाको संस्थागत रुपमा कहिल्यै , कतै केही पनि निर्णय नभएकाले रेलिङ काट्न स्थानीय सरकारको तर्फबाट सहमति वा अनुमति दिइएको छैन । स्थानीय सरकारले अनुमति दिएको छ भनी कतिपय व्यक्ति वा पक्षको तर्फबाट प्रचार गरेर स्थानीय सरकार प्रति भ्रम पार्न खोजिएकाले त्यो दुराशयपूर्ण र भ्रमपूर्ण छ । कही कतै कसैलाई रेलिङ काट्न निर्देशन गरिएको छैन । सरकारी तथा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी पुऱ्याएको बारेमा आगामी दिनमा नेपाल सरकारका नियमनकारी निकायहरुले नगरपालिकासँग आधिकारिक धारणा मागेमा वा कारबाही गर्ने बारेमा पत्र आएमा रेलिङ काट्ने बारेमा कोहलपुर नगरकालिकाको संस्थागत रुपमा कुनै पनि निर्णय नभएको र काट्न कसैलाई पनि काट्नु भनी सहमति तथा अनुमति नदिएकाले रेलिङ काट्ने प्रक्रियामा जो-जो व्यक्ति तथा पक्षहरु संलग्न रहेका छन् तिनीहरु नै जिम्मेवार रहने छन् " सोही अनुसार गर्न गराउन कोहलपुर नगर सरकार यो प्रेस विज्ञप्ति मार्फत सबैलाई जानकारी गराउन चाहन्छ ।

माधव रिजाल
प्रवक्ता
कोहलपुर नगर कार्यपालिका
माधव रिजाल